प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
# प्रदेश लेखा नियन्त्रक कार्यालय
प्रदेश नं. १ बिराटनगर
मोरङ

ईमेल: stco1@fcgo.gov.np
फोन नं.: ०२१-४६३३४०

आ.व.२०७६/७७
च.नं.: ८६८

मिति: २०७६/१२/२३

बिषयः- निर्णय कार्यान्वयन सम्वन्धमा ।

श्री प्रदेश लेखा इकाई कार्यालयहरु सवै,
प्रदेश नं. १ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं. १ को च.नं. २४९० मिति २०७६/१२/२३ गतेको पत्रानुसार कोरोना रोकथाम तथा नियन्त्रण सम्वन्धि सचिवस्तरीय बैठकको निर्णय कार्यान्वयनको लागि अनुरोध छ । उक्त पत्रको प्रतिलिपि पाना-२ यसै साथ संलग्न छ ।

प्रदेश १ कोरोना जनसुरक्षा कोष, खाता नं. २१२०००५८८१०१, राष्ट्रिय वाणिज्य बैंक, विराटनगर शाखा

२०७६।१२।२३
... कुमार आचार्य
लेखा अधिकृत
अधिकृतस्तर आठौं

फोन नं. : ०२१-४७०१६६, ४७०१८९
फ्याक्स नं. : ०२१-४७०१६१
E-mail : ocmcm1@gmail.com

प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश नं. १
विराटनगर, नेपाल

प.सं.: २०७६/०७७
च.नं. ८४५०

मिति: २०७६।१२।२३

विषय: निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री प्रदेश सभा सचिवालय,
श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय,
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय,
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय,
श्री सामाजिक विकास मन्त्रालय,
श्री मुख्यन्यायाधिवक्ताको कार्यालय,
श्री प्रदेश योजना आयोग,
श्री प्रदेश लोक सेवा आयोग,
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय,
प्रदेश नं. १, विराटनगर ।

प्रस्तुत विषयमा मिति २०७६।१२।२१ गतेको कोरोना रोकथाम तथा नियन्त्रण सम्बन्धी विविध विषयमा बसेको सचिवस्तरीय बैठकका निर्णयहरू यसै पत्रसाथ संलग्न राखी तहाँ मन्त्रालय/निकाय तथा मातहतका निकाय/कार्यालयहरूमा आवश्यक कार्यान्वयनका लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(शम्भुकुमार साह)
अधिकृतस्तर सातौं

मिति २०७६।१२।२१ गतेको कोरोना रोकथाम तथा नियन्त्रण सम्बन्धी विविध विषयमा बसेको सचिवस्तरीय बैठकका निर्णयहरुः

१. मन्त्रालयहरु तथा गठित समितिहरुको दैनिक गरेको काम र अनुगमन प्रतिवेदन तथा कोरोना सम्बन्धी अद्यावधिक विवरणलाई प्रमाणित गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कोरोना इन्फरमेसन डेस्कमा बेलुका ४:०० बजे भित्र पठाउने व्यवस्था गर्ने ।

२. मन्त्रालयहरुमा तोकिएका कोरोना फोकल पर्सनहरुको कार्य अनुगमन गर्ने र कोरोना रोकथाम तथा नियन्त्रण सम्बन्धमा आइपरेका समस्याहरुको समाधानको लागि आवश्यक पहल गर्ने ।

३. कर्मचारीहरुबाट देहाय बमोजिमको रकम मासिक तलबबाट कट्टी गर्ने र स्वेच्छिक रुपमा प्राप्त थप रकम प्रदेश नं. १ जनसुरक्षा कोषमा जम्मा गर्न आवश्यक व्यवस्था मिलाउने।

क. रा.प. विशिष्ट, रा.प.प्रथम, अधिकृतस्तर एघार वा सो सरहको कर्मचारीको ७ दिन बराबरको तलब

ख. अधिकृतस्तर दशौं, अधिकृतस्तर नवौं, अधिकृतस्तर आठौं, अधिकृतस्तर सातौं, अधिकृतस्तर छैठौं वा सो सरहको कर्मचारीको ५ दिन बराबरको तलब

ग. सहायकस्तर पाँचौं, सहायकस्तर चौथो, सहायकस्तर तेस्रो, श्रेणी विहिन कर्मचारी वा सो सरहको कर्मचारीको ३ दिन बराबरको तलब

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

दिनेशकुमार
२०७६।१२।२१
प्रमुख सचिव